नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-८२

## “मुम्बईको वेश्यालयमा बेचबिखन गर्ने फरार प्रतिवादी ३० वर्ष पछि पक्राउ”



### अभियुक्तको विवरण :-

**नाम:- चमारे भन्ने चमार तामाङ**

**उमेर:- ६७ वर्ष**

**वतन: जिल्ला सिन्धुपाल्चोक साविक भोटेनाम्लाङ गा.वि.स.-०४ हाल पाँचपोखरी थङपाल गा.पा.-०७ खोड्गे ।**

### विवरण:-

जाहेरवाली परिवर्तित नाम २६ बबरमहल (३८७) लाई प्रतिवादी चमारे भन्ने चमार तामाङ समेतले काठमाडौं चावाहिल स्थित गलैचा बुन्ने कारखानामा काम गरिरहेको अवस्थामा यो काम गर्दा टि.बी.रोग लाग्छ, हङकङमा गएर सुनको व्यापार गरौ, तिमी जस्तो केटीले बढी सुन ल्याउन सक्छौ भनी विश्वास दिलाई मिति २०४४/०९/१९ गते काठमाडौंबाट दिल्ली हुँदै मुम्बई स्थितमा रहेको रिता तामाङ नाम गरेकी नेपाली महिलाले सञ्चालन गरेको कोठी नं.७ मा पुऱ्याई प्रतिवादीहरुले भारतीय रु. ८०,०००/- (असी हजार)मा बेचबिखन गरी उक्त वेश्यालयमा जबरजस्ती ७ वर्ष सम्म वेश्यावृत्तीको काममा लगाउने क्रममा टि.बी. रोग लागेपछि २०५१ साल माघमा नेपाल फिर्ता गरे पश्चात पीडितले जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा मिति २०५२/११/०१ जाहेरी दिएकोमा प्रारम्भिक अनुसन्धान सम्पन्न पश्चात अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाएकोमा मिति २०५२/११/०८ गते जिल्ला प्रहरी परिसर काठमाण्डौमा मुद्दा दर्ता भई थप अनुसन्धानको लागि मिति २०७७/०६/२० गते यस ब्युरोमा सक्कल मिसिल प्राप्त भई फरार प्रतिवादीहरुको खोजतलास गर्ने क्रममा यस ब्युरोबाट खटिएको प्रहरी टोलीले निज चमारे भन्ने चमार तामाङलाई मिति २०८२/०१/११ गते निजकै घर वतनबाट पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट दिन ७ (सात) को म्याद लिई आवश्यक अनुसन्धान कार्य भईरहेको ।

**मिति: २०८२/०१/१२ गते ।**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np